# रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
कोशी प्रदेश, नेपाल


प.सं.:२०८१/८२
च.नं.: ३९२४

मिति : २०८२।०२।२०

श्री सहकारी संस्था सबै
रतुवामाई नगरपालिका, मोरङ।

**विषय : सहभागी पठाइदिने सम्बन्धमा।**

यस रतुवामाई नगरपालिकाको आ.व २०८१।८२ को स्विकृत बार्षिक कार्यक्रम बमोजिम यही मिति २०८२।०२।२९ र ३० गते सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापकहरुलाई दुइ दिने **सहकारी संस्थाको व्यवस्थापन एवम् सहकारीमा सूशासन विषयक तालिम** तथा नमुना सहकारी अवलोकन भ्रमण हुने भएकाले उक्त तालिम तथा अवलोकनमा सहभागि हुन इच्छुक सहकारी संस्थाका संचालक तथा कर्मचारीहरुले उक्त तालिममा सहभागिता हुन मनोनयन गरी देहायको ढाँचामा यस पालिकाको इमेल ratuwamaimunicipalityinfo@gmail.com ठेगानामा पठाइदिनुहुन अनुरोध छ।

**सहभागिको मनोनयन ढाँचा :**

| क्र.स. | सहभागिको नामथर | पद | कार्यरत संस्थाको नाम र ठेगाना | सहभागिको मोबाइल नम्बर | सहभागिको इमेल ठेगाना | कैफीयत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**क) सहभागीको सूविधा सम्बन्धी व्यवस्था :**

१. सहभागीहरुलाई तालिम संचालन दिनको यातायात वापत दैनिक रु. ५०० भत्ता मात्र उपलब्ध गराइनेछ अन्य कार्यरत निकायबाट व्यहोर्नुपर्नेछ।
२. तोकिएको सत्रमा अनुपस्थित हुने सहभागीहरुलाई प्रमाणपत्र उपलब्ध गराइनेछ।
३. तालिमको कार्यपत्र (ह्यान्ड्स आउट) सहभागिलाई ईमेल मार्फत उपलब्ध गराइनेछ।
४. सहभागिहरुको लागी खाजा र चियाको व्यवस्था मिलाइनेछ।

**ख) तालिममा सहभागी हुन आवश्यक पर्ने कागजात तथा अन्य आवश्यक सामाग्री :**

१. माथि उल्लेखित ढाँचामा संस्थाले गरेको मनोनयन पत्र नगरपालिकाको इमेल ठेगानामा मिति २०८२।०२।२७ गते भित्र पठाइसक्नु पर्नेछ।
२. संस्थाले बार्षिक रुपमा नगरपालिकालाई तिर्नुपर्ने राजश्व भुक्तानी गरेका सहकारी संस्थाका कर्मचारीहरुलाई मात्र तालिममा सहभागि गराइनेछ।

**ग) सहभागीले पालना गर्नुपर्ने आचारसंहिता :**

१. तालिम बिहान १० बजे बाट साँझ ५ बजे सम्म संचालन हुनेछ।
२. तालिम अवधिभर औपचारिक पोषाकमा उपस्थित हुनु पर्नेछ।
३. तालिममा सहभागी हुन इच्छुक सहकारी संस्थाका कर्मचारीले तालिममा लाागु गरिएका आचारसंहिता अनिवार्य पालना गर्नुपर्नेछ।

**घ) तालिमहुने स्थान :**

स्थान : सरस्वती मा.वि.को सभाहल रतुवामाई-८, इटहरा मोरङ।

.................................
डम्मर बल्लभ बराल
प्रमुख प्रशासकीय अधिकृत

**सम्पर्क व्यक्ति :**
श्री महेन्द्र ठाकुर (९८४५१४७४७३, ९८०६०३६६३०)

डम्मरु बल्लभ बराल
प्रमुख प्रशासकीय अधिकृत